आज मिति २०७७ साल मंसिर १५ गते मंगलबारको दिन धवलागिरी गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहायबमोजिमका प्रस्तावहरूमाथी छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री | थमसरा पुन | अध्यक्ष |
| श्री | रेशम छन्त्याल | उपाध्यक्ष |
| श्री | झक बहादुर छन्त्याल | वडा अध्यक्ष वडा नं. १ |
| श्री | राम प्रसाद वि.क | " " " २ |
| श्री | पुर्ण पुन | " " " ३ |
| श्री | तेज प्रसाद घर्ती | " " " ४ |
| श्री | रुक्म कुमारी छन्त्याल | " " " ५ |
| श्री | राजाराम उपाध्याय | " " " ६ |
| श्री | कलानिधी शर्मा | " " " ७ |
| श्री | राम बहादुर वि.क | कार्यपालिका सदस्य |
| श्री | तिलकुमारी के.सि. | " " |
| श्री | देउ प्रसाद छन्त्याल | " " |
| श्री | बालकुमारी सुनार | " " |
| श्री | सुवादेवी पुर्जा | " " |
| श्री | छिनमाया घर्ती | " " |
| श्री | ~~ओमलव शर्मा~~ कमल प्रसाद ढकाल | सदस्य सचिव |

## प्रस्तावहरू

१. ताकम स्वास्थ्यचौकी स्तरोन्नती तथा ५ सैया हस्पिटल निर्माण विवाद सम्बन्धमा ।

२. लुलाङको मोटरबाटो निर्माण विवाद सम्बन्धमा ।

३. कोभिड १९ को प्रकोप व्यवस्थापन सम्बन्धमा ।

४. सशस्त्र प्रहरी बल भवन निर्माणका लागि रकम सहयोग सम्बन्धमा

५. गाँउ सभा सम्बन्धमा ।

६. सेवा कार्यालय एकिकृत गर्ने सम्बन्धमा ।

७. खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ पारित सम्बन्धमा ।

निर्णय नं. १ - प्रस्ताव नं. १ माथि छलफल गर्दा ध.गा.पा को मिति: २०७४।।। गते गाउँसभाले गरेको निर्णयअनुसार वडा नं. ७ को धारापानी भन्ने स्थानमा १५ शैयाको अस्पताल निर्माण गर्ने कुरा उल्लेख भएतापनी संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति: २०७७।।। को प.सं. को पत्रानुसार ताकम स्वास्थ्य चौकीको स्तरोन्नती गरी ५ शैयाको अस्पताल निर्माण गर्नु भन्ने भएकोले सोहीअनुसार कार्यान्वयन गर्ने सन्दर्भमा धारापानीका जनसमुदायहरूबाट ताकम स्वास्थ्य चौकीको स्तरोन्नती गर्ने कार्यमा असहमती जाहेर गर्दै अवरोध सिर्जना गरी आन्दोलित भएको अवस्थामा आवश्यक निकास र सहमतिका लागि आन्दोलनरत पक्ष र कार्यपालिका टिमबाट ५-५ जनाको वार्ता टोली बसी सहमतिका लागि अत्याधिक पहल गर्ने निर्णय गरियो।

निर्णय नं. २ - प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकादेखि मुना, लुलाङ हुँदै गुर्जा र ढोरपाटन जाने मोटरबाटो निर्माणकार्य भइरहेको अवस्थामा लम्खुङ खण्डमा विवाद भई निर्माण कार्य स्थगन भएको र विवादित पक्षहरूलाई सहमति जुटाउन पालिकामा रहेका विभिन्न सरोकारवाला पक्ष, पार्टी प्रतिनिधि र विवादित पक्षहरूलाई राखी छलफल गरी विवाद समाधान गर्ने पहल गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं. ३ - प्रस्ताव नं. ३ माथि छलफल गर्दा विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को खोप निर्माण कार्य अन्तिम चरणमा पुगेको र खोप उपलब्ध भएमा खोप व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषबाट आवश्यक रकम व्यवस्थापन गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं. ४ - प्रस्ताव नं. ४ माथि छलफल गर्दा बे.न.पा. गलेश्वरमा निर्मित सशस्त्र प्रहरी बलको भवन निर्माण कार्यका लागि यस पालिकाबाट रु. ५०,०००।- (अक्षरुपी रु पचास हजार रुपैयाँ मात्र) सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. ५ - प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको हिउँदे गाउँसभा मिति २०७६/०९/२२ गते बुधबारका दिन आह्वान गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ६ - प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा धवलगिरी गाउँपालिकामा छरिएर रहेका सेवा कार्यालयहरू एकिकृत गरी सेवा प्रवाह गर्नको लागि सबै कार्यालयहरूलाई एकिकृत गर्ने प्रस्ताव आगामी गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ७. प्रस्ताव नं. ७ माथि व्यापक छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँबासीहरूमा पुर्याउने उद्देश्यका साथ "खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७६" लाई सर्वसम्मत रूपमा पारित गरियो ।